


वर्ष ४५ | अङ्क १२ | भदौ २०७८ | अगष्ट-सेप्टेम्बर २०२१

# आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति सार्वजनिक

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति सार्वजनिक गरेको छ । गभर्नर महाप्रसाद अधिकारीले बैंकको केन्द्रीय कार्यालय, बालुवाटारबाट २०७८ साउन २९ गते सो नीति सार्वजनिक गर्नुभएको हो ।

सार्वजनिक कार्यक्रममा गभर्नर अधिकारीले कोभिड-१९ को महामारीबाट प्रभावित क्षेत्रको पुनरुत्थान गर्दै अर्थतन्त्र विस्तारमा सहयोग पुऱ्याउन मौद्रिक सहजीकरण गर्नुपर्ने र आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्ने कार्यदिशा मौद्रिक नीतिले लिएको बताउनुभयो । मूल्य तथा बाह्य क्षेत्र स्थायित्वमा पर्नसक्ने दवाबतर्फ सजग रहँदै मौद्रिक नीतिको अंकुशको रूपमा रहेको विद्यमान स्थिर विनिमयदर पद्धतिलाई कायम राख्दै समष्टिगत आर्थिक स्थितिका आधारमा मौद्रिक व्यवस्थापन गरिने मौद्रिक नीतिको कार्यदिशा छ ।

वित्तीय स्रोत परिचालनको दायरा फराकिलो बनाउँदै उपलब्ध वित्तीय साधनलाई उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता विकास र दिगो तथा समावेशी आर्थिक विकास हासिल गर्नेतर्फ परिलक्षित रहेको जनाइएको छ । नीतिमा भनिएको छ- 'वित्तीय क्षेत्रको विकास र स्थायित्वका लागि बैंक तथा वित्तीय संस्थाहरूमा सुशासन प्रवर्द्धन तथा सुदृढीकरण गरी वित्तीय मध्यस्थताको कार्यलाई कुशल र प्रभावकारी बनाइने छ ।'

## आर्थिक तथा मौद्रिक लक्ष्य

आ.व. २०७८/७९ मा उपभोक्ता मुद्रास्फीति औसतमा ६.५ प्रतिशतभित्र सीमित राखिने र आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिँदै अर्थतन्त्र विस्तारमा सहयोग पुग्नेगरी तरलता




व्यवस्थापन गरिने लक्ष्य मौद्रिक नीतिले लिएको छ। यसै गरी, कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम हुने गरी मौद्रिक तथा बाह्य क्षेत्र व्यवस्थापन गरिने नीतिमा उल्लेख छ। चालु आ.व.मा विस्तृत मुद्रा प्रदाय र निजी क्षेत्रतर्फको कर्जा विस्तार १९ प्रतिशत रहने मौद्रिक नीतिको प्रक्षेपण छ ।

## सञ्चालन लक्ष्य तथा उपकरण

बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र बैंकदरको विद्यमान व्यवस्थालाई क्रमशः तीन र पाँच प्रतिशतमा यथावत् राखिएको छ । यसै गरी, स्थायी तरलता सुविधा दरलाई पाँच प्रतिशतमा यथावत् राखिएको छ भने करिडोरको तल्लो सीमाको रूपमा लिइएको निक्षेप सङ्कलन दरलाई दुई प्रतिशत र नीतिगत दरको रूपमा रहेको रिपोदरलाई ३.५ प्रतिशत कायम गरिने नीतिमा उल्लेख छ । वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले कायम गर्नुपर्ने विद्यमान वैधानिक तरलता अनुपातलाई क्रमशः १०, ८ र ७ प्रतिशत यथावत् राखिएको छ ।

## कर्जा तथा स्रोत व्यवस्थापन

राष्ट्रिय स्तरका विकास बैंक, वित्त कम्पनी र थोक कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाले समेत आफ्नो चुक्ता पुँजीको २५ प्रतिशत ऋणपत्र जारी गर्ने व्यवस्था मिलाइने नीतिमा उल्लेख छ । यसअघि वाणिज्य बैंकले चुक्ता पुँजीको २५ प्रतिशत ऋणपत्र जारी गर्नुपर्ने व्यवस्था थियो । वैदेशिक रोजगारीमा रहेका

नेपालीबाट बैंकिङ प्रणालीमार्फत प्राप्त हुने विप्रेषण रकमलाई बैंक तथा वित्तीय संस्थामा जम्मा गरेमा न्यूनतम एक प्रतिशत थप ब्याज पाउने व्यवस्था मिलाइने पनि जनाइएको छ।

वाणिज्य बैंकले कृषि, ऊर्जा र लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा रु.एक करोडभन्दा कम रकमका कर्जा प्रवाह गर्नुपर्ने १५ प्रतिशतको न्यूनतम अनुपातको विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ । यसै गरी, कृषि, लघु तथा घरेलु क्षेत्रमा कर्जा प्रवाहलाई थप प्रोत्साहित गर्न गाउँपालिका र नगरपालिकाको सरकारी कारोबार गर्ने वाणिज्य बैंकका शाखामा कृषि, लघु तथा घरेलु कर्जासम्बन्धी फोकल डेस्कको स्थापना हुने व्यवस्था मिलाइने नीतिमा उल्लेख छ । बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने विपन्न वर्ग कर्जासम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक परिमार्जन गर्दै यस्तो कर्जा लघु, घरेलु, साना तथा मझौला उद्योग/व्यवसायसम्बन्धी कर्जामा क्रमशः समायोजन गर्दै लगिने नीतिमा जनाइएको छ।

उत्पादनशील अर्थतन्त्र निर्माणको लागि उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न नेपाल सरकारको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिअनुरूप सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ।

बैंक तथा वित्तीय संस्थाले २०७९ असार मसान्तसम्ममा कर्जा-निक्षेप अनुपात अधिकतम ९० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरी विद्यमान कर्जा-पुँजी-निक्षेप अनुपात व्यवस्थालाई खारेज गरिने जनाइएको छ । बैंक तथा वित्तीय संस्थाले रु. एक अर्बभन्दा बढीको कर्जा लगानी गर्दा अनिवार्य रूपामा सहवित्तीयकरणमा जानुपर्ने व्यवस्था रहेकोमा त्यस्तो सीमा वृद्धि गरी रु.दुई अर्ब पुऱ्याइने नीतिमा उल्लेख छ।

सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जामा तोकिएको विद्यमान कर्जा धितो मूल्य अनुपातलाई यथावत् राखिएको छ । बैंक तथा वित्तीय संस्थाबाट सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जा जोखिम न्यूनीकरण गर्दै साना लगानीकर्ताको पहुँच अभिवृद्धि गर्ने अभिप्रायले यस्तो कर्जा एक व्यक्ति वा संस्थाले एक वित्तीय संस्थाबाट अधिकतम रु.चार करोड र समग्र वित्तीय प्रणालीबाट अधिकतम रु.१२ करोडसम्म मात्र लिन सक्ने व्यवस्था मिलाइने उल्लेख छ । ऋणीले उक्त सीमाभन्दा बढी कर्जा उपभोग गरिरहेको अवस्थामा यस्तो कर्जा नियमित गर्न उपयुक्त समय सीमा प्रदान गरिनेछ।

कोभिड-१९ महामारीका कारण सङ्कटग्रस्त उद्योग, पर्यटन व्यवसाय, सञ्चार, यातायात, पार्टी प्यालेस, व्यायामशाला, सिनेमा तथा मनोरञ्जन उद्योगलगायतका व्यवसाय पुनरुत्थानको लागि व्यवसाय निरन्तरता कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने जनाइएको छ। मौद्रिक नीतिअनुसार, कोभिड-१९ महामारीले अर्थतन्त्रमा परेको प्रभावलाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाले कर्जा प्रदान गरेका ऋणी फर्म, कम्पनी वा संस्था लगातार तीन वर्षसम्म खुद नोक्सानीमा रहेमा मात्र सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्नुपर्ने व्यवस्था गरिनेछ । कोभिडका कारण वित्तीय अवस्था र नगदप्रवाहमा नकारात्मक असर परेका ऋणीलाई किस्ता रकम भुक्तानी अवधि थप गर्न सकिने नीतिमा उल्लेख छ। कोभिड-१९ को असहज परिस्थितिका कारण प्रभावित बनेका पर्यटन, हवाई सेवा, रेस्टुराँ, पार्टी

## मर्जरलाई प्रोत्साहन

आ.व.२०७८/७९ भित्र गाभ्ने, गाभिने र प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत कारोबार सञ्चालन गरेमा विद्यमान व्यवस्थाको अतिरिक्त २०८० असार मसान्तसम्म देहायका थप सुविधा वा छुट दिइने भएको छ :

- तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्ने अवधि एक वर्ष थप गरिने।
- एकीकृत कारोबार गरेको एक वर्षसम्म अनिवार्य नगद मौज्दातको सीमामा ०.५ प्रतिशत बिन्दुले छुट प्रदान गरिने।
- एकीकृत कारोबार गरेको एक वर्षसम्म वैधानिक तरलता अनुपातमा एक प्रतिशत बिन्दुले छुट प्रदान गरिने।
- राष्ट्र बैंकबाट तोकिएको प्रतिसंस्था निक्षेप सङ्कलन सीमामा पाँच प्रतिशत बिन्दुले थप गरिने।
- सञ्चालक समितिका सदस्य र उच्च पदस्थ कर्मचारी पदबाट हटेको कम्तीमा छ महिना व्यतित नभई यस बैंकबाट इजाजतपत्र प्राप्त अन्य संस्थामा आबद्ध हुन नपाउने विद्यमान प्रावधानमा छुट प्रदान गरिने।
- राष्ट्र बैंकको निर्देशन बमोजिम कायम गर्नुपर्ने कर्जा र निक्षेपको ब्याजदर अन्तरमा एक प्रतिशत बिन्दुले छुट दिइने।
- एकीकृत कारोबार थालनी गर्दा कर्जा निक्षेप अनुपातले सीमा नाघेमा सो नियमित गर्न एक वर्षको समय प्रदान गरिने।
- एकीकृत कारोबार सञ्चालनको क्रममा एक किलोमिटरभित्रका शाखा कार्यालयमध्ये कुनै एक शाखा कायम राखी अन्य शाखा गाभ्न वा बन्द गर्न यस बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिने।
- वाणिज्य बैंकको ०.१० प्रतिशत वा सोभन्दा कम सेयर धारण गरेका संस्थापक समूहको सेयर धनीले यस्तो सेयर बिक्री गर्दा फिट एण्ड प्रपर टेस्ट अनिवार्य नहुने व्यवस्था गरिने।

### आर्थिक पुनरुत्थान लक्षित कार्यक्रम

कोभिड-१९ महामारीबाट प्रभावित उद्योग/व्यवसायको शीघ्र पुनरुत्थानमा लक्षित पुनरकर्जाको विद्यमान व्यवस्थालाई निरन्तरता दिँदै अघिल्लो वर्षको पुनरकर्जा रकमको अधिकतम सीमा नघट्ने गरी पुनरकर्जा सुविधा उपलब्ध हुने व्यवस्था मिलाइने र यो सुविधा उपलब्ध गराउँदा लघु, घरेलु, साना तथा मझौला उद्यम/व्यवसायलाई प्राथमिकता दिइने नीतिमा उल्लेख छ।

प्यालेस, यातायात, शिक्षण संस्था, मनोरञ्जन व्यवसायका ऋणीका निम्ति विभिन्न सहुलियत सुविधा उपलब्ध गराइने उल्लेख छ ।


### वित्तीय क्षेत्र सुदृढीकरण र नियमन

वित्तीय क्षेत्रको दिगो र समावेशी विकास तथा वित्तीय पहुँच अभिवृद्धिको लागि दोस्रो वित्तीय क्षेत्र विकास रणनीति र यस बैंकको चौथो रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने नीतिमा उल्लेख छ । विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९, विनिमेय अधिकारपत्र ऐन, २०३४, बैकिङ कसुर तथा सजाय ऐन, २०६४ लाई परिमार्जन गर्ने प्रक्रिया अघि बढाइने जनाइएको छ ।

पुँजीको आधार दरिलो बनाई जोखिम वहन क्षमता सुदृढ तुल्याउन बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा स्वःस्फूर्त रूपमा गाभ्ने, गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी हुन थप प्रोत्साहित गरिने घोषणा मौद्रिक नीतिले गरेको छ (हे.बक्स) ।

वाणिज्य बैंकको लागि लागू गरिएको काउन्टर साइक्लिकल बफरसम्बन्धी व्यवस्था २०७९ असार मसान्तसम्मका लागि स्थगन गरिएको छ । बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने कर्जा र निक्षेपको ब्याजदर अन्तरको विद्यमान व्यवस्थालाई यथावत् राखिएको छ । आधार दर गणनाको विद्यमान विधिलाई पुनरावलोकन गरिने तथा कर्जाको ब्याजदर निर्धारण गर्दा आधार दरमा थप गर्ने प्रिमियम दर संस्था आफैँले निर्धारण गर्नसक्ने व्यवस्था निरन्तर रहेको छ । तर उद्यम व्यवसाय सञ्चालन गर्न रु. एक करोड वा सोभन्दा कम ऋण उपयोग गर्ने ऋणीको हकमा आधार दरमा अधिकतम दुई प्रतिशत बिन्दुले मात्र प्रिमियम थप गर्न सक्ने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ ।

कोभिड-१९ महामारीबाट प्रभावित पेसा र व्यवसाय पुनरुत्थानको लागि उपलब्ध गराइएको पुनरकर्जा, व्यवसाय निरन्तरता कर्जा र सहुलियतपूर्ण कर्जाको प्रभावकारिता तथा सदुपयोगिता सुनिश्चित गर्न स्वतन्त्र परीक्षणको व्यवस्था गरिनेछ । ग्राहक पहिचानसम्बन्धी व्यवस्थालाई सरलीकृत गरी प्रविधिमा आधारित ग्राहक पहिचान प्रणाली विकास गरिने नीतिमा उल्लेख छ ।




### लघुवित्तसम्बन्धी व्यवस्था

वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको दोहोरो लगानी भएका लघुवित्त वित्तीय संस्था २०७९ असार मसान्तभित्र एक आपसमा गाभ्नु वा गाभिनु पर्ने व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ । बचत तथा ऋणसम्बन्धी कारोबार गर्ने सहकारी संस्थाबाहेकका अन्य विषयगत सहकारी संस्थाका समूह सदस्यमार्फत सामूहिक खेती तथा पशु/पन्छीपालन गर्ने प्रयोजनको लागि प्रति सदस्य रु.पाँच लाख ननाघ्ने गरी त्यस्ता सहकारी संस्थालाई वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइने जनाइएको छ । राष्ट्रिय स्तरका लघुवित्त वित्तीय संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरण प्रकाशन गर्नुपर्ने व्यवस्था गरिनेसमेत नीतिमा उल्लेख छ ।

### भुक्तानी प्रणाली

विद्युतीय भुक्तानी कारोबारलाई प्रवर्द्धन गर्ने सन्दर्भमा मौद्रिक नीतिमार्फत विभिन्न प्रविधिमैत्री योजनाहरू अगाडि सारिएको छ । आ.व.२०७९/८० लाई विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्षको रूपमा मनाउन चालु आर्थिक वर्षमा आवश्यक पूर्वाधारको विकास र चेतना अभिवृद्धिमा जोड दिइने मौद्रिक नीतिमा जनाइएको छ । नीतिअनुसार, विद्युतीय भुक्तानीका उपकरणबीच अन्तरआबद्धता कायम गर्दै नेपालभित्र हुने भुक्तानी कारोबारको राफसाफ तथा अभिलेखीकरण गर्ने र नेपालको आफ्नै भुक्तानी कार्ड प्रयोगमा ल्याउन राष्ट्रिय भुक्तानी स्वीच स्थापनाको कार्य सम्पन्न गरिनेछ ।

विद्युतीय भुक्तानी प्रणालीको विकास र प्रवर्द्धनमा लगानी गर्ने भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक र सञ्चार सेवा प्रदायक संस्थालाई विशेष पुनरकर्जा उपलब्ध गराइने नीतिमा उल्लेख छ । राजस्व र सबै प्रकारका भुक्तानी बैंकिङ तथा विद्युतीय भुक्तानीको माध्यमबाट गर्ने व्यवस्थाको लागि आवश्यक सहजीकरण गरिनेछ । सरकारी कारोबार गर्ने बैंक शाखाले विद्युतीय भुक्तानीका उपाय अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने जनाइएको छ ।

भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक संस्थाको कारोबारको दायरा बढाई लघुवित्त वित्तीय संस्था र सहकारीका ग्राहकसमक्ष विद्युतीय भुक्तानी सेवा पुऱ्याउन प्रोत्साहन गरिनेछ र नगद कारोबारको विद्यमान सीमालाई बचत तथा ऋण सहकारी संस्थामा समेत प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय गरिने नीतिमा उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थामा कर्जाको आवेदनदेखि स्वीकृति गर्नेसम्मको प्रक्रियालाई विद्युतीय माध्यमबाट हुने व्यवस्थाका लागि सहजीकरण गर्न डिजिटल कर्जा मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने, विश्वमा विद्युतीय मुद्राको प्रयोग तथा सम्भाव्यता अध्ययन भइरहेको सन्दर्भमा नेपालमा समेत केन्द्रीय बैंक विद्युतीय मुद्राको सम्भाव्यता अध्ययन गरिने नीतिमा जनाइएको छ ।

लघु, साना र घरेलु उद्यम तथा स्टार्टअप प्रवर्द्धन गर्न डिजिटल बैंकिङको अवधारणा र भुक्तानी प्रदायक संस्थाले निश्चित रकमसम्मको लघुकर्जा उपलब्ध गराउन सक्ने व्यवस्था सम्बन्धमा आवश्यक अध्ययन गरिने नीतिमा उल्लेख छ । भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालक संस्थाले निश्चित सीमाभन्दा बढीको कारोबार र शङ्कास्पद कारोबारको विवरण वित्तीय

जानकारी इकाईमा उपलब्ध गराउनुपर्ने व्यवस्था मिलाइने उल्लेख छ।

### विदेशी विनिमय व्यवस्थापन

हवाई सेवा प्रदायक संस्थाले तोकिएका कागजातको आधारमा अमेरिकी डलर २५ हजार वा सो बराबरसम्मको सेवा खरिदको लागि वाणिज्य बैंकबाट विदेशी मुद्रा सटही सुविधा उपलब्ध हुने व्यवस्था मिलाइने भएको छ। यस्तै, राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाले सेवा लिएवापत विदेशी संस्थालाई गर्ने भुक्तानी तोकिएका कागजातको आधारमा वाणिज्य बैंकबाट सोझै गर्न सक्ने व्यवस्था मिलाइने नीतिमा उल्लेख छ।

विप्रेषण सेवा प्रदायक कम्पनीलाई थप सुदृढीकरण गर्न एक आपसमा गाभ्न/गाभिन तथा प्राप्तिमा सहभागी हुन आवश्यक व्यवस्था मिलाइने घोषणा मौद्रिक नीतिले गरेको छ। अमेरिकी डलरमा विप्रेषणको भुक्तानी गर्न समस्या भएका मुलुकमा सम्बन्धित देशका विप्रेषण कम्पनीले यस बैंकको एजेन्सी खातामार्फत स्थानीय मुद्रामा विप्रेषण रकम जम्मा गरी नेपाल पठाउन सकिने व्यवस्थाका सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ। इ-कमर्श प्रवर्द्धन गर्ने सिलसिलामा गत वर्ष जारी गरिएको अमेरिकी डलर ५०० सम्मको कार्डको उपयोग र कार्यान्वयन अवस्थाबारे अध्ययन गरी थप प्रभावकारी बनाइने भएको छ।

### ग्राहक हित संरक्षण

इजाजतपत्र/अनुमतिप्राप्त संस्थाको वित्तीय ग्राहकको हित संरक्षण गर्ने उद्देश्यले वित्तीय ग्राहक संरक्षण सम्बन्धी कानूनको मस्यौदा तर्जुमा गरिने नीतिमा उल्लेख छ। बैंक तथा वित्तीय संस्थाका काम कारबाहीसम्बन्धी गुनासोको सुनुवाई सहज बनाउन बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकको गुनासो पोर्टलको लिङ्क आफ्नो वेबसाइटमा राख्नुपर्ने व्यवस्था गरिनेछ।

बैंक तथा वित्तीय संस्थाबाट कार्यान्वयनमा ल्याइएका कर्जा प्रवाह तथा ग्राहक पहिचानसँग सम्बन्धित कागजातमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ। सम्पत्ति शुद्धीकरणसम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदनले औंल्याएका उच्च जोखिमका क्षेत्रमा निहित जोखिमको पहिचान, मापन, मूल्याङ्कन र व्यवस्थापन गर्न सूचक संस्थाको विशेष अनुगमन तथा सुपरिवेक्षण गरिने नीतिमा जनाइएको छ।

## 'स्टार्टअपमा निजी क्षेत्रको अग्रसरता आवश्यक'




गभर्नर महाप्रसाद अधिकारीले स्टार्टअपमा निजी क्षेत्रले नै अग्रसरता देखाउनुपर्ने धारणा राख्नुभएको छ।

कान्तिपुर मिडिया ग्रुपद्वारा साउन ३१ गते काठमाडौंमा आयोजित 'कान्तिपुर इकोनोमिक समिट' को पहिलो सेसनमा उहाँले यस्तो धारणा राख्नुभएको हो। गभर्नर अधिकारीले भन्नुभयो, "स्टार्टअप सुरु गर्न सरकारको नीति नपर्खनुस्। आफैं अग्रसरता देखाउनुस्। सरकारले त निजी क्षेत्रलाई पछ्याउँदै आवश्यक नीति/नियम बनाउँदै आवश्यक नियमन गर्दै जान्छ।"

समिटको 'पैसा कहाँ छ ?' शीर्षकको अन्तरक्रियामा उहाँले पैसा (स्रोत) व्यवसाय, उद्यम, उद्यमीको सीप र मिहिनेतमै रहेको विचार व्यक्त गर्नुभयो। "धेरैमा राष्ट्र बैंक र वित्तीय प्रणालीमा मात्रै पैसा रहेको बुझाइ छ। तर पैसा त व्यवसाय र उद्यमशीलतामा पो छ त!" उहाँले भन्नुभयो।

पुँजी बजारसम्बन्धी उठेको प्रसङ्गमा गभर्नर अधिकारीले राष्ट्र बैंकले कहिल्यै पनि पुँजी बजारलाई नियन्त्रण नगरेको स्पष्ट पार्नुभयो। वित्तीय प्रणालीमा आउनसक्ने सम्भावित जोखिमलाई मात्रै राष्ट्र बैंकले निगरानी गर्ने उहाँको भनाइ थियो।

# गभर्नर अधिकारी र आईएमएफ प्रतिनिधि ब्रेउरबीच भेट



गभर्नर महाप्रसाद अधिकारी र अन्तर्राष्ट्रिय मुद्रा कोषका वरिष्ठ आवासीय प्रतिनिधि लुईस ब्रेउरबीच २०७८ साउन २८ गते भेटघाट भएको छ ।

गभर्नरको कार्यालयमा भएको भेटमा उहाँहरूबीच नेपालको वित्तीय क्षेत्रको विद्यमान अवस्था र यसको सुदृढीकरणमा आईएमएफको पुऱ्याएको सहयोगका विषयमा छलफल भयो । सो अवसरमा गभर्नर अधिकारीले नेपालको वित्तीय क्षेत्रको पछिल्लो स्थितिबारे प्रतिनिधि ब्रेउरलाई जानकारी गराउनुभयो । साथै र्‍यापिड क्रेडिट फेसिलिटी (आरसीएफ) र एक्स्टेन्डेड क्रेडिट फेसिलिटी (ईसीएफ) प्रति आईएमएफलाई धन्यवाद दिँदै गभर्नर अधिकारीले कोभिड-१९ को महामारीबाट प्रभावित अर्थतन्त्रलाई सुदृढ तुल्याउन सो सुविधा उपयोगी भएको धारणा राख्नुभयो ।

गभर्नर अधिकारीले कोभिड-१९ बाट प्रभावित अर्थतन्त्र र वित्तीय क्षेत्रको पुनरुत्थानको निम्ति नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाबारे आईएमएफ आवासीय प्रतिनिधि ब्रेउरलाई जानकारी गराउनुभयो। भेटका अवसरमा आईएमएफ प्रतिनिधि ब्रेउरले सेफगार्ड एसेसमेन्ट मिसनले दिएका सुझाव/सिफारिसको कार्यान्वयनको अवस्थाबारे चासो राख्नुभएको थियो । मिसनको सिफारिस बैंकका निम्ति उपयोगी रहेको धारणा राख्दै गभर्नर अधिकारीले उक्त मिसनका सुझावहरूको कार्यान्वयनका लागि एक कार्यदल गठन गरी विभागीय समन्वय गर्ने व्यवस्था मिलाइएको जानकारी गराउनभयो । बैंकको वित्तीय विवरणको खुलासा, जोखिम व्यवस्थापन, संस्थागत सुशासनलगायतका क्षेत्रमा मिसनले दिएका सुझाव महत्वपूर्ण रहेको ब्यहोरा अवगत गराउनु भयो ।

भेटका अवसरमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक, डा. नेफिल मातङ्गि मास्के, आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र गभर्नरको कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलको समेत उपस्थिति थियो ।

# सञ्चालक मरासिनीद्वारा न्यायाधीश केसीसमक्ष शपथ



अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासिनीले सर्वोच्च अदालतका न्यायाधीश तेजबहादुर केसीसमक्ष नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्यको रूपमा पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

साउन २० गते सर्वोच्च अदालतमा आयोजित कार्यक्रममा न्यायाधीश केसीले सचिव मरासिनीलाई शपथ ग्रहण गराउनुभएको हो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ मा अर्थ मन्त्रालयका सचिव नेपाल राष्ट्र बैंक, सञ्चालक समितिको सदस्य रहने व्यवस्था छ । सोही ऐनको दफा १०८ मा बैंकका गभर्नर र सञ्चालकले सर्वोच्च अदालतका प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

शपथ ग्रहण कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटालगायतको उपस्थिति रहेको थियो ।

# वित्तीय जानकारी इकाईद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

वित्तीय जानकारी इकाईले २०७८ असार २५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

भर्चुअल माध्यममा आयोजित कार्यक्रमको पहिलो सत्रमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धीविज्ञ डेभिड म्याकेले 'Financial Intelligence Units: Roles, Functions, Methods and Practices' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । अष्ट्रेलियास्थित सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी संस्थामा लामो अभ्यास हासिल गरेका म्याकेले इकाईसँग सम्बन्धित असल अन्तर्राष्ट्रिय अभ्यासबारे जानकारी दिनुभयो ।




कार्यक्रमको दोस्रो सत्रमा बैंकका उप-निर्देशक हरिकुमार नेपालले 'पारस्परिक मूल्याङ्कन' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले पारस्परिक मूल्याङ्कनका लागि नेपालले गरिरहेको तयारी र विभिन्न सरोकारवालाको भूमिकाबारे जानकारी दिनुभयो ।

सो कार्यक्रममा इकाईका २३ जना कर्मचारीको सहभागिता थियो । इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभयो भने निर्देशक दीर्घबहादुर रावलले कार्यक्रममा स्वागत र समापन मन्तव्य राख्नुभएको थियो ।

# एकीकृत निर्देशन, २०७७ मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०७७' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७८ साउन ११ गते जारी परिपत्रमा गर्दै यसको कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । संशोधित व्यवस्थामार्फत विभागले साधारण कर्जा नोक्सानी व्यवस्था १.३ प्रतिशत कायम गरेको छ । यसअघि एक प्रतिशत साधारण कर्जा नोक्सानी व्यवस्था तोकिएको थियो । कोभिड-१९ महामारीका कारणले बैंकिङ सम्पत्तिको गुणस्तरमा परेको प्रभावलाई दृष्टिगत गरी समग्र वित्तीय स्थायित्व प्रवर्द्धन गर्न असल वर्गमा वर्गीकरण भएका कर्जाको हकमा आ.व. २०७७/७८ को वार्षिक वित्तीय विवरण तयार गर्दादेखि साधारण कर्जा नोक्सानी व्यवस्था १.३ प्रतिशत कायम गरिएको विभागको परिपत्रमा उल्लेख छ ।

यसै गरी, कोभिड-१९ महामारीको समयमा उद्यम/व्यवसायको पुनरुत्थानका लागि बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएका थप कर्जा (चालु पुँजीको २० प्रतिशत र आवधिक कर्जाको १० प्रतिशत) निर्धारित अवधिमा भुक्तानी हुन नसकेको अवस्थामा पाँच प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरी सो कर्जाको भुक्तानी अवधि बढीमा एक वर्षसम्म थप गर्न सकिने व्यवस्था गरिएको छ ।


२०७८ असार मसान्तभित्रमा असुल हुनुपर्ने ब्याज रकम २०७८ भदौ १५ भित्र प्राप्त भएमा त्यस्तो रकमलाई २०७८ असार मसान्तको आम्दानीमा लेखाङ्कन गर्न सकिने व्यवस्था गरिएको छ। बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कुल तलब भत्ता खर्चको न्यूनतम तीन प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७७/७८ को लागि यो अनिवार्य नहुने व्यवस्था पछिल्लो संशोधनमा गरिएको छ ।

संशोधित व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्ष २०७७/७८ को खुद वितरणयोग्य मुनाफाको ३० प्रतिशतसम्म मात्र नगद लाभांश घोषणा तथा वितरण गर्न पाउनेछन् । तर, यस्तो नगद लाभांश इजाजतपत्रप्राप्त संस्थाको २०७८ असार मसान्तमा कायम निक्षेपको भारित औसत ब्याजदरको प्रतिशतभन्दा बढी हुने छैन । साथै खुद वितरणयोग्य मुनाफा कुल चुक्ता पुँजीको पाँच प्रतिशतभन्दा कम भएका संस्थाले कर प्रयोजनका लागिबाहेक नगद लाभांश वितरण गर्न नपाउने व्यवस्था राखिएको छ ।

यसै गरी, बैंक तथा वित्तीय संस्था नियमन विभागले 'घ' वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरेको 'एकीकृत निर्देशन, २०७७' मा संशोधन तथा परिमार्जन गरेको छ ।

विभागद्वारा साउन ११ गते जारी संशोधित परिपत्रअनुसार लघुवित्त वित्तीय संस्थाले वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको ५० प्रतिशतले हुने रकम साधारण जगेडा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ । यसै गरी, आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरण तयार गर्दादेखिको साधारण कर्जा नोक्सानी व्यवस्था १.३ प्रतिशत कायम गर्नुपर्ने संशोधनमा उल्लेख छ ।

# बैंक र काठमाडौं विश्वविद्यालयबीच सम्झौता



सिक्का टकमरीसँग सम्बन्धित मेसिन, उपकरणकलाई परीक्षण र मर्मत/सम्भार गरी सञ्चालनमा ल्याउने सम्बन्धमा नेपाल राष्ट्र बैंक र काठमाडौं विश्वविद्यालयबीच सम्झौता भएको छ।

२०७८ साउन ७ गते आयोजित एक कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपाल र काठमाडौं विश्वविद्यालय, स्कूल अफ इञ्जिनियरिङका डीन प्रा.डा. मनिष पोखरेलले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो।

उक्त सम्झौतासँगै टक्सार महाशाखा साविकको सुन्धारा परिसरबाट बबरमहल परिसरमा स्थानान्तरण भएसँगै टकमरीसँग सम्बन्धित मेसिनहरू मर्मत/सम्भारपछि पुनः प्रयोगमा ल्याउन सकिने अपेक्षा राखिएको छ। कतिपय मेसिनहरू भने नवनिर्मित धरहरासँगै बन्ने म्युजियममा राख्ने प्रयोजनको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा कार्यकारी निर्देशक नेपालले यस सम्झौताले टक्सार महाशाखाबाट हुँदै आएका टकमरीसम्बन्धी कार्यहरू नियमित हुने अपेक्षा राख्नुभयो। सो अवसरमा विश्वविद्यालयका डीन पोखरेलले सिक्का उत्पादनको इतिहास जोगाउने अवसर प्राप्त भएकोमा खुसी प्रकट गर्नुभयो। कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका निर्देशकद्वय विनोदराज आचार्य र अनुज दाहाल, उप-निर्देशकद्वय दीर्घबहादुर थापा र लोकेन्द्रप्रसाद आर्याल, विश्वविद्यालयका प्राध्यापक डा. विवेक बराललगायतको उपस्थिति थियो।

# धनगढी कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम




धनगढी कार्यालयले २०७८ असार २९ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा कार्यालयका सहायक निर्देशक ध्रुव कार्कीले 'सार्वजनिक खरिद तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

त्यस क्रममा सहायक निर्देशक कार्कीले बैंकलाई आवश्यक पर्ने विभिन्न वस्तु तथा सेवा खरिद गर्दा पालना गर्नुपर्ने सार्वजनिक खरिद ऐन र नेपाल राष्ट्र बैंक खरिद विनियमावलीमा रहेका प्रावधानबारे चर्चा गर्नुभयो। साथै, सोझै खरिद, सिलबन्दी दरभाउपत्र, बोलपत्र, कागजात, बोलपत्र मूल्याङ्कन प्रक्रिया, विद्युतीय बोलपत्र आह्वानलगायतका विषयमा उहाँले प्रकाश पार्नुभयो। प्रस्तुतिका क्रममा उहाँले खरिद प्रक्रियामा समेत जानकारी दिनुभएको थियो। कार्यक्रममा धनगढी कार्यालयका ३३ जना कर्मचारीको उपस्थिति थियो।

यसै गरी, सो कार्यालयले साउन १५ गते अर्को ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा सहायक निर्देशक झकेन्द्रबहादुर शाहीले 'आर्थिक गतिविधि अध्ययन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा सहायक निर्देशक शाहीले बैंकको प्रदेशस्थित कार्यालयमा बैंकिङ विकास तथा अनुसन्धान इकाईले अर्धवार्षिक र वार्षिक रूपमा सम्पादन गर्ने आर्थिक गतिविधि अध्ययनको प्रक्रिया, आवश्यक तथ्याङ्कका स्रोत, तथ्याङ्क सङ्कलन प्रक्रिया, प्रतिवेदन लेखनलगायतका विषयमा जानकारी दिनुभयो। कार्यक्रममा कार्यालयका ३० जना कर्मचारीको उपस्थिति थियो।

दुबै कार्यक्रम धनगढी कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षतामा सम्पन्न भएको हो। प्रधान सहायक निरज पाण्डेयले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# वित्तीय जानकारी इकाई र नेपाल प्रहरीबीच अन्तरक्रिया



वित्तीय जानकारी इकाईले २०७८ साउन १८ गते काठमाडौंमा नेपाल प्रहरीसँग समसामयिक विषयमा अन्तरक्रिया सम्पन्न गऱ्यो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका प्रमुख/निर्देशक, उप-निर्देशकहरू र विश्लेषकहरू तथा नेपाल प्रहरीका तर्फबाट प्रहरी प्रधान कार्यालय र केन्द्रीय अनुसन्धान ब्यूरोका अधिकृत र अन्य कर्मचारीको सहभागिता थियो ।

सो अन्तरक्रियामा इकाईबाट अनुसन्धानका लागि प्रेषित शङ्कास्पद कारोबार प्रतिवेदनको गुणस्तर सुधार गरी अनुसन्धान कार्यलाई सहज तथा प्रभावकारी बनाउन प्रतिवेदनमा समेट्नुपर्ने विषयमा छलफल भएको थियो । नेपाल प्रहरीका तर्फबाट सहभागीले सम्पत्ति शुद्धीकरण निवारण विनियमावली, २०७३ मा भएको व्यवस्थाबमोजिम इकाईबाट प्राप्त भएका शङ्कास्पद कारोबार प्रतिवेदनका सम्बन्धमा पृष्ठपोषण प्रदान गर्दै इकाईबाट प्रेषित विश्लेषण प्रतिवेदनमा रहेका सबल तथा दुर्बल पक्ष र प्रतिवेदनमा समेट्न आवश्यक देखिएका सूचना तथा जानकारीका बारेमा छलफल भएको थियो ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका क्षेत्रमा रहेका विद्यमान चुनौती, कोभिड-१९ पछि सो क्षेत्रमा देखिएका नवीनतम प्रवृत्ति र तिनको नियन्त्रणमा वित्तीय जानकारी इकाई र नेपाल प्रहरीबीच सहयोग एवम् सहकार्यको आवश्यकताका बारेमा छलफल भएको थियो । साथै, कार्यक्रममा नेपाल प्रहरीलाई गो-एएमएलमा आबद्ध गर्ने विषयमा समेत छलफल भएको थियो ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण प्रणालीको प्रभावकारिताका लागि वित्तीय जानकारी इकाई र अनुसन्धानकारी निकायबीच सूचना आदानप्रदान तथा सहकार्य आवश्यक हुने अन्तर्राष्ट्रिय मान्यता छ ।

# पोखरा कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम



पोखरा कार्यालयले २०७८ असार २५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा पोखरा कार्यालयका उप-निर्देशक ढुण्डीराज मिश्रले 'कोभिड-१९ (पहिलो लहर) ले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको प्रभाव' को विषय अध्ययनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

गण्डकी प्रदेशका ११ जिल्लामध्ये सात जिल्लाका होटल/रिसोर्ट, रेष्टुरेन्ट तथा बार, साहसिक पर्यटन, ट्रेकिङ एजेन्सी, टुर्स एण्ड ट्राभल एजेन्सी र होमस्टे गरी छ समूहमा वर्गीकरण गरी ३५६ उत्तरदातालाई नमूनाका रूपमा छनोट सो अध्ययन गरिएको थियो । सो अध्ययनका क्रममा प्राप्त निचोडलाई उहाँले कार्यक्रममा प्रस्तुत गर्नुभयो । अध्ययनअनुसार लकडाउनको अवधिमा ९७.७ प्रतिशत व्यवसाय पूर्ण रूपमा बन्द रहेकामा सोपश्चात् ८५.४ प्रतिशत व्यवसाय आंशिक रूपमा सञ्चालनमा आएको पाइएको थियो । अध्ययनका क्रममा ५३.१ प्रतिशत कर्मचारीले रोजगारी गुमाएको र औसतमा ५७.३ प्रतिशतको तलब सुविधा कटौती भएको पाइएको जानकारी मिश्रले दिनुभयो । साथै, बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएकामध्ये ७०.४ प्रतिशतले ब्याज छुट सुविधा उपयोग गरको समेत अध्ययनले देखाएको छ ।

कोभिड संक्रमणका कारण पर्यटन व्यवसायीको मुख्य आयस्रोत गुमेको, कर्मचारी व्यवस्थापनमा समस्या रहेको, व्यवसाय निरन्तरताको निम्ति स्रोत अभाव भएको, कर्जाको साँवा ब्याज भुक्तानीमा कठिनाइ भएको पाइएको जानकारी मिश्रले दिनुभयो ।

कार्यक्रममा पोखरा कार्यालयका कर्मचारीको सहभागिता थियो । सो कार्यालयका निर्देशक ईश्वरीप्रसाद भट्टराईले ज्ञान आदानप्रदानको महत्वबारे चर्चा गर्दै समापन मन्तव्य राख्नुभएको थियो ।

# आर्थिक असमानता र नेपालको सन्दर्भ

✍ धर्मेन्द्र तिमिल्सिना
सहायक निर्देशक, नेपाल राष्ट्र बैंक



आर्थिक असमानताले अर्थतन्त्रमा आय तथा सम्पत्तिको वितरणमा रहेको भिन्नतालाई जनाउँछ । स्वतन्त्र बजार पक्षपाती दक्षिणपन्थीहरूको विचारमा समाजमा अत्यन्त न्यून आय भएका सदस्यहरूको आयको वितरण र जीवनस्तरको निर्धारण दीर्घकालमा बजार संयन्त्र, व्यक्तिगत आँट र उत्पादकत्व वृद्धिका कारण हुन्छ । यसर्थ, सम्पत्ति तथा पुनर्वितरण सम्बन्धमा सरकारको सकेसम्म न्यूनतम भूमिका रहनु पर्दछ। तर, समाजवादी सिद्धान्तमा विश्वास गर्ने वामपन्थीहरू अत्यन्त गरिबहरूको कष्टको निवारण सामाजिक तथा राजनैतिक सङ्घर्ष र सरकारको पुनर्वितरणको यथाशक्य प्रयासबाट मात्र सम्भव रहेको तर्क गर्दछन् । उनीहरूको विचारमा केवल कर सङ्कलन गरी गरिबलाई स्थानान्तरण गर्दैमा समानता कायम गर्न सकिँदैन। यसर्थ, उत्पादनका माध्यमहरूको राष्ट्रियकरण वा कठोर ज्यालादर नीतिजस्ता उपायहरूबाट मात्र समाजमा समानता कायम गर्न सकिन्छ।

## असमानताका केही तथ्यहरू

अक्सफाम इन्टरनेशनलले असमानतासँग सम्बन्धित केही तथ्यहरू प्रकाशित गरेको छ। ती तथ्यहरू यस प्रकार रहेका छन्:

(१) विश्वका एक प्रतिशत धनी मानिसहरूसँग विश्वका ६९० करोड मानिसहरूको भन्दा दोब्बर सम्पत्ति रहेको छ । त्यस्तै गरी, लगभग विश्वका आधा मानिसहरू दिनको ५.५ अमेरिकी डलरभन्दा कम आर्जन गर्दछन् ।

(२) विश्वमा प्रत्येक सय रूपैयाँको सम्पत्तिबाट चार रूपैयाँ मात्र सम्पत्तिमा लाग्ने करबाट आम्दानी हुने गर्दछ । त्यस्तै गरी, ३० प्रतिशत अत्यन्त धनीहरूले सकेसम्म आफ्नो कर दायित्वको इन्कार गर्दछन् ।

(३) विश्वमा पाँचमध्ये एक जना बालबालिका आज पनि स्कुल जान पाउँदैनन् ।

(४) विश्वमा हरेक दिन १० हजार व्यक्ति किफायती स्वास्थ्य सेवाको अभावका कारण आफ्नो ज्यान गुमाउँछन् भने प्रत्येक वर्ष १० करोड मानिस स्वास्थ्य सेवाको लागतको कारण चरम गरिबीतर्फ धकेलिन बाध्य हुन्छन् ।

(५) विश्वमा महिलाको तुलनामा पुरुषको सम्पत्ति ५० प्रतिशतले बढी रहेको छ ।

## असमानताका कारणहरू

अर्थशास्त्री लिन्डा युको विचारमा आर्थिक विकासको क्रममा सहरीकरण तीव्र गतिमा बढ्दै जाँदा सहरतर्फ बसाई सर्नेहरूको आम्दानी ग्रामीण क्षेत्रमै रहनेहरूको तुलनामा बढ्दै जान्छ । साथै, उनको विचारमा व्यक्तिले गर्ने आर्जन पनि असमानताको एउटा कारण हो । यसको लागि उनले अमेरिकाको सबैभन्दा ठूलो सूचीकृत कम्पनी एस एण्ड पी ५०० को कार्यकारी अधिकृतले प्राप्त गर्ने आयलाई उदाहरणको रूपमा प्रस्तुत गरेकी छिन् । एस एण्ड पी ५०० का कार्यकारी अधिकृतले उक्त कम्पनीको सामान्य कर्मचारीको तुलनामा २०० गुणा बढी आम्दानी गर्दछन् । यस सन्दर्भमा संयुक्त राज्य अमेरिकाका पूर्व श्रम सचिव रोबर्ट रिचले कर्मचारी युनियनको सौदाबाजी गर्ने क्षमतामा ह्रास आएका कारण कम्पनीको उपल्लो तहको कर्मचारी र सामान्य कर्मचारीको बीचमा आय असामता हुने गरेका बताएका छन् ।

अर्थशास्त्री थोमश पिकेटीको विचारमा आर्थिक वृद्धिदरको तुलनामा पुँजीमा आधारित आयको प्रतिफल उच्च रहेको कारण विश्वको आर्थिक असमानता बढ्दै जान्छ । यस्तो अवस्थामा सम्पत्ति, कम्पनी, स्टक लगायतका पुँजीबाहकहरूको आम्दानी दीर्घकालको औसत आयको तुलनामा तीव्र गतिमा बढ्दछ । अर्थशास्त्री पल क्रुगमेनले औंल्याए अनुसार दस जना अत्याधिक धनी अमेरिकीमध्ये आधाले आफ्नो सम्पत्ति विरासतमा प्राप्त गरेका छन् । यसरी हेर्दा विरासतमा प्राप्त सम्पत्ति पनि धनी र गरिबबीच अन्तर बढाउने एउटा कारणको रूपमा देखिएको छ ।

## समाधानका उपायहरू

गरिबको तुलनामा धनीलाई धेरै कर लगाइने प्रगतिशील कर प्रणालीले आर्थिक असमानता घटाउनको लागि मुख्य भूमिका खेल्ने कुरामा अधिकांश अर्थशास्त्रीहरू सहमत छन् । तर कतिपय अर्थशास्त्रीहरू असमानता हटाउनको लागि प्रगतिशील कर लगाउनु दीर्घकालीन समाधान नभएको र यसले कम्पनीहरूलाई हानि गर्न सक्ने तर्क गर्दछन्। असामनता कसरी कम गर्ने भन्ने कुरामा अर्थशास्त्रीहरू विभाजित छन् । केही अर्थशास्त्रीहरू करको माध्यमबाट पुनर्वितरणको तर्क गर्दछन् भने कतिपय अर्थशास्त्रीहरू अर्थतन्त्रमा सरकारी हस्तक्षेपको विरोध गर्दछन्। अर्थतन्त्रमा सरकारी हस्तक्षेपको पक्षपातीहरूले असमानता घटाउन ज्यालादर बढाउनुका साथै न्यूनतम ज्यालादर कायम गर्नेलगायतका नीति लिनुपर्ने बताउँछन् साथै, सरकारले उच्च-ज्यालादर भएको तथा अर्ध-कुशल श्रममा आधखारित रोजगारी बढाउने नीति लिनुपर्ने सुझाव दिन्छन् । तर, कतिपय अर्थशास्त्रीहरू भने कर र पुनर्वितरण भन्दा पनि सबैलाई जीवन निर्वाहको लागि समान अवसर सिर्जना गर्नुपर्ने र बजार संयन्त्रको माध्यमबाट असमानता घटाउनुपर्ने तर्क गर्दछन्। उनीहरू पुनर्वितरण नीतिले सफल व्यक्तिहरूका लागि करको माध्यमबाट र आर्थिक रूपमा कमजोर व्यक्तिका लागि अनुदानमार्फत गलत प्रोत्साहन गर्नुका साथै धनी र गरिब दुबैलाई काम गर्नबाट हतोत्साहित गर्ने तर्क गर्दछन्।

## नेपालको सन्दर्भ

आर्थिक नीतिहरू पिछडिएको क्षेत्र, गरिब र सीमान्तकृत समूहमा केन्द्रित हुन नसक्दा एवम् राज्यले सबै नागरिकलाई समुचित रूपमा स्रोतको प्रयोग गरी समान अवसर सिर्जना गर्न नसक्दा नेपालमा आर्थिक असमानता सोचे अनुरूप घटाउन नसकिएको अनुभव गर्न सकिन्छ। पन्ध्रौं योजना (२०७६/७७-८०/८१) अनुसार आ.व. २०७५/७६ मा सम्पत्तिमा आधारित जिनी सूचकाङ्क ०.३१ प्रतिशत र आय समूहको माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (पाल्मा

बाँकी पृष्ठ ११ मा ...

# नेपालमा गो-एएमएल कार्यान्वयनको अवस्था र चुनौतीहरू


अमिष शर्मा
सहायक निर्देशक, नेपाल राष्ट्र बैंक

## १. परिचय

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्य निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ९ बमोजिम २०६४ वैशाख ९ मा वित्तीय जानकारी इकाईको स्थापना भएको हो। सोही दफाअनुसार इकाईले कार्यात्मक रूपले स्वायत्त तथा स्वतन्त्र इकाईको रूपमा कार्य गर्दै आएको छ। सूचक संस्थाहरूबाट (विभिन्न वित्तीय तथा गैरवित्तीय पेसाकर्मी/व्यवसायी) सम्पत्ति शुद्धीकरण, आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी तथा सम्बद्ध कसुरसम्बन्धी शङ्कास्पद कारोबार/गतिविधि तथा सीमा कारोबारसम्बन्धी प्रतिवेदन तथा सोसम्बन्धी अन्य सूचना प्राप्त गर्न, सोको विश्लेषण गर्न तथा विश्लेषणको प्रतिवेदन कार्यान्वयन गर्ने निकायमा सम्प्रेषण गर्न इकाईले कागजी माध्यमको प्रयोग गर्दै आइरहेकोमा सो कार्यलाई अझ भरपर्दो, सुरक्षित तथा आधुनिक विद्युतीय माध्यमबाट सम्पन्न गर्ने उद्देश्यका साथ नेपालमा पनि गो-एएमएल प्रणाली कार्यान्वयनमा ल्याइएको हो। पहिलो चरणको रूपमा नेपालमा हाल 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाले पूर्ण रूपले गो-एएमएल प्रणालीमार्फत नै सो रिपोर्टिङ गरिरहेका छन् भने क्रमशः अन्य सूचक संस्थाहरू (बीमा कम्पनी, ब्रोकर कम्पनी, मर्चेन्ट बैंक, रेमिटचान्स कम्पनी, सहकारी संस्थालगायत) मा समेत यो प्रणाली कार्यान्वयनको चरणमा छ।

वित्तीय जानकारी इकाईले सञ्चालनमा ल्याएको गो-एएमएल प्रणाली राष्ट्रसंघीय लागूऔषध र अपराध नियन्त्रणसम्बन्धी कार्यालय (यूएनओडीसी) ले विकास गरेको हो। हाल नेपाललगायत ५६ वटा मुलुकमा यो प्रणाली कार्यान्वयनमा ल्याइएको छ। राष्ट्रसंघीय संस्थाका अनुसार गो-एएमएल प्रणालीलाई कार्यान्वयन गर्ने संस्था निकट भविष्यमै १११ पुग्नेछन्।

गो-एएमएल प्रणालीले अनलाइन माध्यमबाट सूचक संस्थाले पठाएका शङ्कास्पद कारोबार/गतिविधि तथा सीमा कारोबारसम्बन्धी प्रतिवेदन/सूचना प्राप्त गर्ने, विभिन्न सूचनाबीचको सम्बन्ध केलाउने र विश्लेषण गर्ने कार्य गर्दछ। विश्लेषणको समग्र प्रभावकारिता वृद्धि गर्न तथा सोसँग सम्बन्धित तथ्याङ्को व्यवस्थित अभिलेखीकरण गर्न यो प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अन्य मुलुकको अनुभवलाई संश्लेषण गर्दा सूचना तथा प्रतिवेदनको संख्या बढाउन मात्र नभई सो सूचना विश्लेषणको गुणस्तर बढाउनसमेत गो-एएमएल प्रणाली प्रभावकारी हुने देखिन्छ। यो प्रणालीको पूर्ण उपयोग गरी अधिकतम लाभ लिन वित्तीय जानकारी इकाईका विश्लेषकको पनि प्राविधिक तथा विश्लेषण गर्ने क्षमता अभिवृद्धि गर्नु पनि त्यत्तिकै आवश्यक छ।

गो-एएमएल प्रणालीमा मुख्य रूपले तीन चरणमा कार्यसम्पादन हुने गर्दछः




गो-एएमएल प्रणालीमा पूर्ण प्रयोग गर्न Production Environment तथा पूर्ण प्रयोग गर्नुभन्दा अगावै परीक्षण गर्न Test Environment गरी दुई प्रकारका Environment रहेको हुन्छ। सामान्यतया सूचक संस्थाले सुरुमा केही समय Test Environment मा परीक्षणमा आई रिपोर्टिङ गर्ने अभ्यास गर्नुपर्दछ र वित्तीय जानकारी इकाईले निरन्तर सुझाव दिँदै सहजीकरण गर्ने कार्य गर्दछ। त्यसपछि मात्र सूचक संस्थाले पूर्ण रूपमा Production Environment को प्रयोग गर्न पाउँछन्।

## २. कार्यान्वयनको अवस्था

वाणिज्य बैंकहरूले २०७६ माघ १ र विकास बैंक तथा वित्त कम्पनीले २०७७ माघ १ देखि पूर्ण रूपले 'goAML Production Environment' बाट रिपोर्टिङ गरिरहेका छन्। त्यस्तै बीमा कम्पनीहरू, मर्चेन्ट बैंकहरू, ब्रोकर कम्पनी, रेमिटचान्स कम्पनी, केही सहकारी संस्थालगायत अन्य केही सूचक संस्थाहरू 'goAML Test Environment' मा आबद्ध भई गो-एएमएल प्रणालीमार्फत रिपोर्टिङ गर्ने अभ्यासको चरणमा रहेका छन्। सँगैको तालिकामा देखाइएअनुरूप आर्थिक वर्ष २०७७/७८ मा वित्तीय जानकारी इकाईमा प्राप्त कुल शङ्कास्पद कारोबार/गतिविधि तथा सीमा कारोबारसम्बन्धी प्रतिवेदनमध्ये अधिकांश गो-एएमएल प्रणालीमार्फत नै प्राप्त भएको छ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) मा उल्लेख भएअनुसार सूचक संस्थाले गो-एएमएलमार्फत रिपोर्टिङ गर्नुपर्ने भएकाले सोका लागि विभिन्न चरणमा अन्तरक्रिया तथा प्रशिक्षणका विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। नियामक निकाय तथा वित्तीय जानकारी इकाईको समन्वयमा चरणबद्ध रूपमा सम्पूर्ण सूचक संस्था (वित्तीय तथा गैरवित्तीय पेसाकर्मी/व्यवसायी) लाई

| क्र.सं. | आ. व. २०७७/७८ | जम्मा प्राप्त सङ्ख्या | गो-एएमएल मार्फत प्राप्त सङ्ख्या | गो-एएमएल मार्फत प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| १. | सीमा कारोबार सम्बन्धीप्रतिवेदन (Threshold Trasaction Reports - TTR) | १९,९९,०५६ | ११,३२,७२१ | ५७ % |
| २. | शङ्कास्पद कारोबार/गतिविधिसम्बन्धी प्रतिवेदन (Suspicious Transaction/Activity Reports-STR/SvAR) | १,५३३ | १,४५१ | ९५ % |

*स्रोतः वित्तीय जानकारी इकाई*

गो-एएमएल प्रणालीमा आबद्ध गराईदै लगिने कार्ययोजना रहेको छ।

### ३. कार्यान्वयनका चुनौतीहरू

नेपाल अब पारस्परिक मूल्याङ्कन तयारीको चरणमा रहेकोले अन्तर्राष्ट्रिय मूल्याङ्कनका लागि तयार रही सबै सरोकारवालाले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको विषयलाई अझ गम्भीरताका साथ अनुसरण गर्नुपर्दछ। गो-एएमएलमा हुने रिपोर्टिङले समग्र प्रणालीको अन्तर्राष्ट्रिय स्तरमा विश्वसनीयता तथा देशको छविमा समेत सकारात्मक प्रभाव पार्ने हुँदा अब परम्परागत तथा असुरक्षित कागजी रिपोर्टिङ तथा विश्लेषण प्रणालीलाई पूर्ण रूपले गो-एएमएल प्रणालीले विस्थापित गर्न आवश्यक छ। रिपोर्टिङको सङ्ख्या वृद्धि भएर मात्रै यसको प्रभावकारिता बढ्छ भन्ने पनि होइन गो-एएमएलमार्फत रिपोर्टिङ गर्दा रिपोर्टहरू तोकिएको ढाँचाअनुरूप पूर्ण, सही विवरणयुक्त तथा प्रारम्भिक विश्लेषणयुक्त हुन आवश्यक छ। नत्र सङ्ख्या मात्र बढ्ने हो भने गो-एएमएलमा तथ्याङ्कको चाङ मात्र बढ्ने तर ती विवरणहरू थप विश्लेषण गर्न खासै उपयोगी नहुने सम्भावनासमेत रहन्छ।

गो-एएमएल कार्यान्वयनका मुख्य चुनौतीहरू

- गो-एएमएलको रिपोर्टिङ ढाँचालाई सूचक




  संस्थाको प्रकृतिअनुसार परिमार्जन गर्नुपर्ने।
- सूचक संस्थामा ग्राहक विवरणहरू अद्यावधिक नहुनु तथा विद्युतीय रूपमा सूचनाको भण्डारण हुनुपर्ने।
- गो-एएमएलमा XML Format मा रिपोर्टिङ गर्दा छुट्टै middleware system को समेत आवश्यकता पर्ने।
- विभिन्न सूचक संस्था, वित्तीय जानकारी इकाईलगायतका सरोकारवाला संस्थाका सम्बन्धित कर्मचारीलाई गो-एएमएलसम्बन्धी तालिमको व्यवस्थापन गर्नुपर्ने।

### अन्त्यमा,

विभिन्न अपराध तथा आतङ्कवादी क्रियाकलापसँग सम्बन्धित कारोबारहरू कुनै पनि वित्तीय वा गैर-वित्तीय संस्थाबाट नहोस् र यदि भइहालेमा त्यसको पहिचान गरी सोसम्बन्धी प्रतिवेदनको रिपोर्टिङ गर्ने भरपर्दो माध्यमको रूपमा गो-एएमएलले भूमिका खेलोस् भन्ने हेतुले नेपालमा यो प्रणाली कार्यान्वयन गरिएको हो। सम्पूर्ण नियामक निकाय, कानुन कार्यान्वयन गर्ने निकाय, सूचक संस्थाहरू, वित्तीय जानकारी इकाई तथा अन्य सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायले आ-आफ्नो ठाउँबाट गो-एएमएल प्रणालीमा पूर्णतः सहभागी हुन/गराउन तथा निरन्तर सङ्ख्यात्मक मात्र नभई गुणात्मक रूपले समेत प्रभावकारिता बढाउन अझ बढी पहल गर्न आवश्यक छ।

## आर्थिक असमानता ... ... ...

सूचकाङ्क) १.३ रहेको छ। साथै, प्रन्धौं योजनाले आ.व. २०८०/८१ को अन्त्यसम्ममा जिनी सूचकाङ्क ०.२९ र पाल्मा सूचकाङ्क १.२५ मा झार्ने लक्ष्य लिएको छ। कोभिड-१९ महामारीको प्रभाव लामो समयसम्म कायम रहेमा आर्थिक गतिविधि र रोजगारीको अवसरमा सङ्कुचन आई आ.व. २०८०/८१ सम्म तोकिएको लक्ष्य हासिल गर्ने कार्य चुनौतीपूर्ण भने देखिन्छ।

नेपालमा असमानतासँग सम्बन्धित पर्याप्त तथ्याङ्क उपलब्ध नभए तापनि तेस्रो जीवनस्तर सर्वेक्षण, २०६७/६८ ले उपभोगमा आधारित जिनी सूचकाङ्क प्रकाशित गरेको छ। सो सूचकाङ्क बमोजिम सहरी क्षेत्रको जिनी सूचकाङ्क ०.३५३ र ग्रामीण क्षेत्रको जिनी सूचकाङ्क ०.३११ रहेको छ। यसरी हेर्दा नेपालको सन्दर्भमा ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रको असमानता बढी रहेको देखिन्छ। सहरी क्षेत्रमा ज्यालादर एवं अवसरमा रहेको भिन्नतालाई असमानताको कारणको रूपमा लिन सकिन्छ। पुस्तौंदेखि सहरमा बस्दै आएका मानिसहरूको विरासतमा प्राप्त सम्पत्ति पर्याप्त हुने तर ग्रामीण क्षेत्रबाट बसाई सरी आउनेहरूको सम्पत्ति तुलनात्मक रूपले कम हुने गर्दछ। त्यस्तै, सहरमा रहेका ठुला कम्पनीहरूमा सामान्य कर्मचारी र उच्च पदस्थ कर्मचारीकाबीचमा आय-आर्जनमा भिन्नता रहने गर्दछ। असामनता कम गर्न सरकारले लागु गरेको न्यूनतम ज्यालादरलाई प्रभावकारी बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ। साथै, जीवन निर्वाहको लागि समान अवसरको सिर्जना गरी ती अवसरमा सबैको पहुँच कायम गर्नु पनि उत्तिकै आवश्यक देखिन्छ।

# सिद्धार्थनगरमा योग शिविर

सिद्धार्थनगर कार्यालयले २०७८ साउन ३० गते कर्मचारीहरूका तनाव व्यवस्थापनको निम्ति योग शिविर आयोजना गर्‍यो ।

कार्यालयले कोभिडसम्बन्धी स्वास्थ्य मापदण्डको पालना गर्दै भैरहवामा योग शिविर आयोजना गरेको हो । सो अवसरमा लुम्बिनी क्षेत्रका वरिष्ठ योग प्रशिक्षक गिरिजेशशरण चौधरीले कर्मचारीलाई प्रवचनसहित योगसम्बन्धी प्रशिक्षण दिनुभयो । प्रशिक्षक चौधरीले मानव स्वास्थ्यमा योगको महत्वबारे चर्चा गर्नुभयो । साथै उहाँले विभिन्न किसिमका शारीरिक समस्याको निमित उपयुक्त योगाशनबारे जानकारी गराउनुभयो।



कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालले योग शिविर कार्यक्रम सञ्चालनको उद्देश्य र महत्वबारे प्रकाश पार्दै शिविरमा सिकेका योगाशनलाई दैनिक जीवनमा उपयोग गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

## सरुवा

जनशक्ति व्यवस्थापन विभागले २०७८ साउन १० गते विभिन्न विभाग/कार्यालयका नौ जना कर्मचारीको सरुवा गरेको छ ।

जसअनुसार संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका निर्देशक सुषमा रेग्मी रिजाल आन्तरिक लेखापरीक्षण विभाग, उप-निर्देशकहरू जनशक्ति व्यवस्थापन विभागका जीवनप्रकाश पाण्डेय सिद्धार्थनगर कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागका प्रेमलाल ज्ञवाली जनशक्ति व्यवस्थापन विभाग, अतिरिक्त दरबन्दीका सोना राना बैंकिङ विभाग, पोखरा कार्यालयका ढुण्डीराज मिश्र विकास बैंक सुपरिवेक्षण विभाग, विराटनगर कार्यालयका सहायक निर्देशकद्वय सुधीर पौडेल र इन्द्रप्रसाद भण्डारी क्रमशः जनकपुर र सुर्खेत कार्यालय र लघुवित्त संस्था सुपरिवेक्षण विभागका हरि गौतम जनशक्ति व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी, जनशक्ति व्यवस्थापन विभागले साउन २४ गते विभिन्न श्रेणीका १८ जना कर्मचारीको सरुवा गरेको छ । जसअनुसार उप-निर्देशकहरू विकास बैंक सुपरिवेक्षण विभागका पुष्पा अधिकारी पोखरा कार्यालय, बैंक सुपरिवेक्षण विभागका शिखा अधिकारी रेग्मी विराटनगर कार्यालय, वित्त कम्पनी सुपरिवेक्षण विभागका प्रतिभा अधिकारी पोखरा कार्यालय, वित्तीय जानकारी इकाईका प्रियङ्का बस्न्यात र राष्ट्र ऋण व्यवस्थापन विभागका सुधा श्रेष्ठ वीरगञ्ज कार्यालय, वित्त कम्पनी सुपरिवेक्षण विभागका सजना शिल्पकार र वित्त व्यवस्थापन विभागका पञ्चलक्ष्मी मानन्धर नेपालगञ्ज कार्यालय तथा आर्थिक अनुसन्धान विभागका अवन्तिका रिमाल धनगढी कार्यालयमा सरुवा हुनुभएको छ ।

साथै, नेपालगञ्ज कार्यालयका राजु पौडेल विकास बैंक सुपरिवेक्षण विभाग, वीरगञ्ज कार्यालयका विनय सिग्देल सुर्खेत कार्यालय, सुर्खेत कार्यालयका डा. शालिकराम पोखरेल आर्थिक अनुसन्धान विभाग, नेपालगञ्ज कार्यालयका डा.कीर्तिविक्रम दाहाल राष्ट्र ऋण व्यवस्थापन विभाग, आर्थिक अनुसन्धान विभागका डा. गणेशप्रसाद गौतम आन्तरिक लेखापरीक्षण विभाग र विकास बैंक सुपरिवेक्षण विभागका सार्थक कार्की विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी, बैंकिङ विभागका सहायक निर्देशक प्रकाशकुमार धिताल नेपालगञ्ज कार्यालय, विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक श्रीषा श्रेष्ठ मुद्रा व्यवस्थापन विभाग र आर्थिक अनुसन्धान विभागका विवेक देवकोटा वित्त व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

## कायममुकायम मुकर्रर

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक शरणकुमार अधिकारी निर्देशक पदमा कायममुकायम मुकर्रर हुनुभएको छ । २०७८ साउन १० को निर्णयअनुसार सरुवा/हाजिर भएको मितिदेखि लागू हुनेगरी कायममुकायम मुकर्रर गर्दै उहाँलाई संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागमा सरुवा गरिएको छ ।

## अवकाश

विराटनगर कार्यालयका सिनियर कुक कम केयरटेकर नारायण घलेले २०७८ साउन १ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँ ३० वर्षे सेवा अवधिका आधारमा अवकाश हुनुभएको हो । यसै गरी, आन्तरिक लेखापरीक्षण विभागका कार्यालय सहयोगी (चतुर्थ) सरस्वती नगरकोटीले साउन ३२ देखि सेवाबाट अवकाश पाउनुभएको छ । उहाँले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
सृजना क्षेत्री
लालकुमार सुवेदी
नवीना ताम्राकार